# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६ ] काठमाडौं, माघ ४ गते २०३३ साल [ संख्या ३९

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना

महान्यायाधिवक्ता (सेवा शर्त) (चौथो संशोधन) नियमावली, २०३३

महान्यायाधिवक्ता (सेवा शर्त) नियमावली, २०२० मा संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराजबाट नेपालको संविधानको धारा ७९ को उप–धारा (३) बमोजिम देहायका नियमहरू बनाइबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ. (१) यी नियमहरूको नाम "महान्यायाधिवक्ता (सेवा शर्त) (चौथो संशोधन) नियमावली, २०३३" रहेको छ।

(२) यो नियमावलीको,

(क) नियम २, २०३३ साल श्रावण १ गतेदेखि र नियम ५ र ६ २०३२ साल श्रावण १ गतेदेखि प्रारम्भ भएको मानिने छन्।

(ख) खण्ड (क) मा लेखिएदेखि बाहेक अरू नियमहरू तुरुन्त प्रारम्भ हुनेछन्।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. महान्यायाधिवक्ता (सेवा शर्त) नियमावली, २०२० को नियम २ मा संशोधनः महान्यायाधिवक्ता (सेवा शर्त) नियमावली, २०२० (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ मा रहेको "एक हजार नौ सय पचपन्न नेपाली रूपैयाँका दरले" भन्ने शब्दहरूको सट्टा "दुई हजार एक सय पचास रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन् ।

३. मूल नियमावलीको नियम ४ मा संशोधनः मूल नियमावलीको नियम ४ को सट्टा देहायको नियम ४ राखिएको छः–

"४. सवारी र अन्य सुविधाः (१) महान्यायाधिवक्तालाई सवारीको निमित्त ड्राइभर सहितको मोटर सुविधा दिइनेछ ।

(२) महान्यायाधिवक्ताको कार्यालय अवस्थित भएको ठाउँमा निजी घर नहुने महान्यायाधिवक्ताले बसोबासको निमित्त गैर सरकारी घर बहालमा लिएमा मासिक तीनसय रूपैयाँमा नबढ्ने गरी सो बहालको रकम श्री ५ को सरकारले व्यहोर्नेछ ।

(३) महान्यायाधिवक्तालाई सो पदमा बहाल रहेसम्मको अवधिको लागि निजको आवासमा एक सेट टेलिफोन राख्न जडान खर्च र धरौटी बापत लाग्ने न्यूनतम रकमको सुविधा दिइनेछ । टेलिफोनको अनिवार्य शुल्क बापत प्रतिमास निर्धारित शुल्कको पचहत्तर प्रतिशत श्री ५ को सरकारले व्यहोर्नेछ ।

४. मूल नियमावलीको नियम ५ मा संशोधन : मूल नियमावलीको नियम ५ को सट्टा देहायको नियम ५ राखिएको छ :–

"५. दैनिक तथा भ्रमण भत्ता र बीमा खर्चः महान्यायाधिवक्ताले आफ्नो ओहदासम्बन्धी काममा नेपाल अधिराज्यभित्र भ्रमण गर्दा निजलाई देहायका दरले भत्ता र बीमा खर्च दिइनेछः–

(क) दैनिक भत्ता : एक दिनको पारिश्रमिकको आधा ।

(ख) भ्रमण भत्ता : हवाईजहाजबाट भ्रमण गर्दा एक जनालाई लाग्ने भाडा, रेल वा बसबाट भ्रमण गर्दा डेढजनालाई लाग्ने पहिलो दर्जाको भाडा, अरू सवारीबाट भ्रमण गर्दा त्यस सम्बन्धमा लाग्ने टिकट खर्च तथा ज्याला र पैदल हिड्नु पर्दा प्रतिकोस पाँच रूपैयाँ ।

(ग) बीमा खर्च : हवाईजहाजबाट भ्रमण गर्दा दुई लाख रूपैयाँको बीमा खर्च ।"

महान्यायाधिवक्ताको कार्यालय
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६८

५. मूल नियमावलीको नियम ६ मा संशोधन : मूल नियमावलीको नियम ६ को सट्टा देहायको नियम ६ राखिएको छ :–

"६. निवृत्तभरण र उपदान : (१) कुनै व्यक्ति महान्यायाधिवक्ताको पदमा नियुक्त भई सो पदबाट अवकाश प्राप्त गरेपछि निजले देहायबमोजिमको निवृत्तभरण वा उपदान पाउनेछः–

(क) महान्यायाधिवक्ताको पदमा दश वर्ष सेवा अवधि पूरा गरी सकेको भए आठसय रूपैयाँ मासिक निवृत्तभरण ।

(ख) दश वर्ष सेवा अवधि पूरा गरी सकेको नभए पूरा गरेको जम्मा वर्ष संख्यालाई निजले पाई आएको डेढ महीनाको पारिश्रमिकको अंकले गुणन गर्दा हुन आउने अंक बराबरको एक मुष्ट रकमको उपदान ।

(२) श्री ५ को सरकारको सेवामा बहाल रहेको वा बहाल गरी सकेको कुनै व्यक्ति महान्यायाधिवक्ताको पदमा नियुक्त भई सो पदबाट अवकाश प्राप्त गरेपछि निजले देहाएबमोजिमको निवृत्तभरण वा उपदान पाउनेछः–

(क) महान्यायाधिवक्ताको पदमा गरेको सेवा अवधिमा निजले श्री ५ को सरकारको सेवामा गरेको कुल सेवा अवधिलाई आधा गरी हुन आउने अवधि जोड्दा दश वर्ष सेवा अवधि पूरा भए आठ सय रूपैयाँ मासिक निवृत्तभरण ।

(ख) खण्ड (क) बमोजिम हिसाब गर्दा दश वर्ष सेवा अवधि पूरा नभए पूरा भएको जम्मा वर्ष संख्यालाई निजले पाई आएको डेढ महीनाको पारिश्रमिकको अंकले गुणन गर्दा हुन आउने अंक बराबरको एक मुष्ट रकमको उपदान ।

तर अघि श्री ५ को सरकारको सेवा गरे बापत निवृत्तभरण पाइरहेको व्यक्तिले महान्यायाधिवक्ताको पदमा सेवा गरे बापत यस खण्डबमोजिमको उपदान पाउनेछैन ।

(३) श्री ५ को सरकारको सेवा गरे बापत उपदान पाई सकेको कुनै व्यक्ति महान्यायाधिवक्ताको पदमा नियुक्त भएमा निजले त्यसरी नियुक्त भएको एक वर्षभित्र आफूले अघि पाएको उपदानको पूरा रकम फिर्ता गरेमामात्र निजले श्री ५ को सरकारको सेवामा गरेको सेवा अवधि उप-नियम (२) बमोजिम जोडिनेछ ।

(४) यस नियम बमोजिम पाउने उपदानको रकम पच्चीस हजार रूपैयाँभन्दा बढी हुने छैन ।

(५) श्री ५ को सरकारबाट निवृतभरण पाइरहेको व्यक्ति महान्यायाधिवक्ताको पदमा नियुक्त भई यस नियमावलीबमोजिम पनि निवृत्तभरण पाउन सक्ने भएमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निजले अघि पाइरहेको निवृत्तभरण र यस नियमावलीबमोजिम पाउने निवृत्तभरण– मध्ये कुनै एक रोज्न सक्नेछ ।"

६. मूल नियमावलीमा नियम ६ क. थप: मूल नियमावलीको नियम ६ पछि देहायको नियम ६ क. थपिएको छ :–

"६ क. पारिवारिक निवृत्तभरण र उपदान: (१) देहायका अवस्थामा देहायका अवधिसम्मको लागि महान्यायाधिवक्ताले आफ्नो परिवारका सदस्यहरू– मध्ये इच्छाएको व्यक्तिलाई र त्यस्तो इच्छाएको व्यक्तिको प... मृत्युभएमा वा त्यसरी नइच्छाएकोमा निजको परिवारका सदस्यहरूमध्ये नजीकको हकदारलाई नियम ६ बमोजिमको निवृत्तभरण दिइनेछ:–

(क) पदमा बहाल छँदै महान्यायाधिवक्ताको मृत्यु भएमा मृत्यु भएदेखि सात वर्षसम्म ।

(ख) नियम ६ बमोजिम निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्युभएमा सो सात वर्ष नपुगेको बाँकी अवधिसम्म ।

(२) पदमा बहाल छँदै महान्यायाधिवक्ताको मृत्यु भएमा र नियम ६ बमोजिम निवृत्तभरण पाउने नभई उपदानसम्म पाउने रहेछ भने सो उपदानको रकम निजको परिवारका सदस्यहरूमध्ये उप–नियम (१) बमोजिमको व्यक्तिले पाउनेछ ।

७. मूल नियमावलीको नियम ७ मा संशोधन– मूल नियमावलीको नियम ७ को,–

(१) उप–नियम (१) को सट्टा देहायको उप–नियम (१) राखिएको छ:–

(१) महान्यायाधिवक्ताले देहायबमोजिमका बिदाहरू पाउन सक्नेछ:–

(क) भैपरिआउने बिदा,
(ख) घर बिदा,
(ग) बिरामी बिदा,
(घ) क्रिया बिदा,
(ङ) विशेष बिदा ।"

(२) उप–नियम (३) मा रहेको "तीन महीना" भन्ने शब्दहरूको सट्टा "चार महीना" भन्ने शब्दहरू राखिएका छन् ।

(३) उप–नियम (४) को सट्टा देहायको उप–नियम (४) राखिएको छ:–

"(४) महान्यायाधिवक्ताले प्रत्येक साल पन्ध्र दिनका दरले पारि– श्रमिक सहितको बिरामी बिदा पाउन सक्नेछ । त्यस्तो बिरामी बिदा नलिएको संचित हुँदै जानेछ र कुनै ठूलो र कडा रोग लागी स्वीकृत

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

चिकित्सकको प्रमाणपत्र पेश गरेमा बिरामी बिदा बाँकी नभए दुई महीनासम्म पारिश्रमिक सहितको र त्यस्तो पारिश्रमिक सहितको थप बिरामी बिदा लिई सकेपछि एक पटकमा थप चार महीनासम्म र सेवाको अवधि भरमा जम्मा बाह्र महीनामा नबढ्ने गरी बिना पारिश्रमिकको बिरामी बिदा पाउन सक्नेछ ।

तर त्यसरी पारिश्रमिक सहितको थप बिरामी बिदा लिंदा दुई दिन थप बिरामी बिदा बापत एक दिनका दरले घर बिदा कट्टी गरिनेछ ।"

(४) उप–नियम (५) को खण्ड (ख) मा रहेको "छ महीना" भन्ने शब्दहरूको सट्टा "तीन महीना" भन्ने शब्दहरू राखिएका छन् ।

(५) उप–नियम (५) पछि देहायको उप–नियम (५ क) थपिएको छः–

"(५ क) महान्यायाधिवक्ता आफै क्रिया बस्नु परेमा कुल धर्म हेरी बढीमा पन्ध्र दिनसम्मको पूरा पारिश्रमिक सहितको क्रिया बिदा पाउनेछ ।"

८. <u>मूल नियमावलीमा नियम ८ पछि थपः</u> मूल नियमावलीको नियम ८ पछि देहायको नियम ९, १० र ११ थपिएका छन्ः–

"९. <u>उपचार खर्चः</u> (१) महान्यायाधिवक्ता बिरामी भई उपचार गराउँदा लागेको देहायको खर्चको नब्बे प्रतिशत निजले उपचार खर्च बापत पाउनेछः–

(क) अस्पतालमा भर्ना हुँदा र अस्पतालमा उपचार गराउँदा लागेको अस्पतालको बीलबमोजिमको खर्च र अस्पताल–को चिकित्सकको प्रेसक्रिप्शनबमोजिम खरीद गरेको औषधी खर्च ।

(ख) अस्पताल नभएको ठाउँमा वा अस्पताल भए पनि अस्पतालमा भर्ना हुन नपर्ने वा भर्ना हुन नसकेको अवस्थामा वा अस्पतालमा भर्ना भई अस्पतालबाट निस्केपछि पनि रोगको उपचारको निमित्त कुनै दर्तावाला वा स्वीकृत योग्यता प्राप्त डाक्टर, कविराज, वैद्य वा हेल्थ असिष्टेण्टले जाँच गर्दा लिएको फी तथा जाँच गरी लेखी दिएको प्रेसक्रिप्शन अनुसार खरीद गरेको औषधी खर्च ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) प्लास्टिक सर्जरी बाहेक सबै किसिमको चिरफार (सरजिकल अपरेशन) गर्दा लागेको बील बमोजिमको खर्च ।

तर, साधारणतया अस्पताल भएको ठाउँमा निजी नर्सिङ्गहोममा चिरफार गरेको खर्च भने दिइने छैन ।

(घ) चश्मा, दाँत, एअरफोन आदि उपकरणको लागि श्री ५ को सरकारले समय समयमा आदेश जारी गरी तोकी दिए हदसम्मको रकमको लागेको बील बमोजिमको खर्च ।

(२) उप–नियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एकपटकमा दुई सय रूपैयाँभन्दा घटी खर्च भएकोमा उपचार खर्च दिइने छैन र कुल सेवा अवधिभर महान्यायाधिवक्ताले पाउने नौ महीनाको पारिश्रमिकभन्दा बढी रकमको उपचार खर्च दिइने छैन ।

(३) नेपाल अधिराज्यभित्र औषधी उपचार हुन नसक्ने भनी श्री ५ को सरकारद्वारा नियुक्त चिकित्सकहरूको समितिले सिफारिश गरेको महान्यायाधिवक्ताले विदेशमा गई उपचार गराउन चाहेमा निजलाई उप–नियम (१) बमोजिम पाउने उपचार खर्चको अतिरिक्त श्री ५ को सरकारले उचित ठहराएको थप आर्थिक सहायता दिन सक्नेछ ।

(४) यस नियम बमोजिम औषधि उपचार गराए बापत पाउने उपचार खर्च लिन नपाउँदै महान्यायाधिवक्ताको मृत्यु भएमा नियम ६ क बमोजिम निवृत्तभरण वा उपदान पाउने ठहरिएको व्यक्तिले सो उपचार खर्च लिन पाउनेछ ।"

१०. थप सुविधाः (१) भैपरिआउने बिदा बाहेक अन्य कुनै पनि बिदा नलिई तीन वर्ष बिताइसकेको महान्यायाधिवक्ताले आफूले पकाएको घर बिदामा आफ्नो घर जाँदा र घरबाट फर्कंदा यो नियमावलीबमोजिम निजले पाउने दैनिक तथा भ्रमण भत्ताको आधाको दरले दैनिक तथा भ्रमण भत्ता पाउनेछ । तर परिवारका सदस्यले दैनिक तथा भ्रमण भत्ता पाउने छैन ।

(२) महान्यायाधिवक्ताले आफ्नो पदबाट अवकाश प्राप्त गर्दा वा स्वीकृत गराई राजिनामा गर्दा निजको सञ्चित रहेको घर बिदा र बिरामी बिदाको तलब निजले सो बखतमा खाई पाइराखेको तलबका दरले एकमुष्ट पाउनेछ । बहाल छँदै मृत्यु भएकोमा पनि त्यस्तो तलब निवृत्तभरण वा उपदान पाउने निजको परिवारका सदस्यले पाउनेछ ।

आधिकारिकता २०५२ विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।